नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.:-

## प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको उपस्थितिमा नेपाल निर्माण व्यवसायी महासंघका तर्फबाट उठाइएका मागको सम्बन्धमा छलफल भएको छ। उक्त छलफलमा विषयगत मन्त्रालयका माननीय मन्त्रीज्यू, सचिवज्यूसहित सरोकार निकायको सहभागिता थियो। उक्त छलफलमा सम्पन्न कामको भुक्तानी, मूल्य अभिवृद्धि कर लगायतका विषयमा अर्थ मन्त्रालय र सम्बद्ध विषयगत मन्त्रालयहरूले आपसी समन्वयमा यथाशीघ्र माग सम्बोधन गर्ने र निर्माण व्यवसायीहरूले उठाएका सार्वजनिक खरिद सम्बन्धी कानून संशोधन लगायतका अन्य मागहरूको सम्बन्धमा सम्बोधन गर्न सम्माननीय प्रधानमन्त्रीज्यूले निर्देशन दिनुभयो। उक्त निर्देशन बमोजिम सरोकारवालाहरूसँग आवश्यक छलफल, परामर्श र समन्वय गरी १५ (पन्ध्र) दिनभित्र प्रतिवेदन पेश गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव डा. दामोदर रेग्मीज्यूको संयोजकत्वमा विभिन्न विषयगत मन्त्रालयका सहसचिवहरू सदस्य रहने गरी ६ (छ) सदस्यीय कार्यदल गठन भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

२०८० साउन २८ गते, आइतबार

(नारायण प्रसाद भट्ट)
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http/www.opmcm.gov.np